संघीय संसद

# प्रतिनिधि सभा, २०७९

पहिलो अधिवेशन

बैठक संख्या - १

## दैनिक कार्यसूची

२०७९ पुस २५ गते, सोमबार

दिनको १:०० बजे

### राष्ट्रपतिको पत्र

१. माननीय ज्येष्ठ सदस्य/सम्माननीय सभामुखले सम्माननीय राष्ट्रपतिबाट प्राप्त अधिवेशन आह्वान सम्बन्धी पत्रको व्यहोरा पढेर सुनाउनु हुने ।

### राष्ट्रपतिको कार्यालयको पत्र

२. सम्माननीय सभामुखले राष्ट्रपतिको कार्यालयबाट प्राप्त प्रधानमन्त्री पदमा नियुक्ति तथा मन्त्रिपरिषद् गठन सम्बन्धी पत्रहरुको व्यहोरा पढेर सुनाउनु हुने ।

### प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम कामकारवाही गर्ने प्रस्ताव पेश र स्वीकृत

३. सम्माननीय सभामुखले नेपालको संविधानको धारा १०४ बमोजिम यस प्रतिनिधि सभाबाट सभाको नियमावली नबनाएसम्मको लागि प्रतिनिधि सभा नियमावली, २०७५ बमोजिम कामकारवाही गर्ने प्रस्ताव स्वीकृतिका लागि प्रस्तुत गर्नुहुने ।

### बैठकको अध्यक्षता गर्ने सदस्यहरुको मनोनयन

४. सम्माननीय सभामुखले सभामुखको अनुपस्थितमा बैठकको अध्यक्षता गर्न मा० सदस्यहरुको मनोनयन गर्नुहुने ।

### अधिवेशन प्रारम्भको अवसरमा मन्तव्य

५. अधिवेशन प्रारम्भको अवसरमा दलीय आधारमा मा० सदस्यहरुले आ-आफ्नो मन्तव्य राख्नुहुने ।

### शोक प्रस्ताव

६. सम्माननीय सभामुखले निम्नलिखित शोक प्रस्ताव प्रस्तुत गर्नुहुनेः-

(क) "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०४८ सालको संसदीय निर्वाचनमा गोरखा जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य तथा वि.सं. २०५६ सालको राष्ट्रिय सभा सदस्यमा निर्वाचित एवं व्यवस्थापिका-संसद २०६३/६४ को सदस्य, जीवनकालभर सामाजिक सेवामा समर्पित र लोकतान्त्रिक

आन्दोलनहरुमा सक्रिय भूमिका निर्वाह गर्नुभएकी सुश्री मैयाँदेवी श्रेष्ठको ९४ वर्षको उमेरमा मिति २०७९ साल कार्तिक ६ गते आइतबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक– सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ख) "प्रतिनिधि सभाको यो बैठक तत्कालिन एकीकृत ने.क.पा. (माओवादी) पार्टीबाट वि.सं. २०६४ सालको संविधान सभा निर्वाचनमा ओखलढुंगा जिल्ला क्षेत्र नं. २ बाट निर्वाचित सदस्य एवं हाल ने.क.पा. (एमाले) मा क्रियाशील रहनु भएका, नेपाल कम्युनिष्ट आन्दोलन, प्रतिस्पर्धात्मक राजनीतिक प्रणाली तथा लोकतन्त्र सुदृढीकरणमा योगदान दिनुभएका बालकृष्ण ढुङ्गेलको ५३ वर्षको उमेरमा मिति २०७९ साल कार्तिक २२ गते मंगलबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक– सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

(ग) "प्रतिनिधि सभाको यो बैठक नेपाली काँग्रेस पार्टीबाट वि.सं. २०७० सालको संविधान सभा निर्वाचनमा समानुपातिक सदस्यको रुपमा निर्वाचित सदस्य एवं लोकतान्त्रिक आन्दोलनहरुमा अतुलनिय योगदान पुऱ्याउनु भएका, सरल र मिलनसार स्वभावका नेता झुलबहादुर आलेको ७२ वर्षको उमेरमा मिति २०७९ साल मंसिर ९ गते शुक्रबार असामयिक निधन भएकोमा उहाँको निधनप्रति शोक प्रकट गरी श्रद्धाञ्जली अर्पण गर्दै शोक– सन्तप्त परिवारप्रति समवेदना प्रकट गर्दछ ।"

डा. भरतराज गौतम
संघीय संसदको महासचिव